प्रति शेयर अंकित मूल्य रु.१००/- दरका ८,२८,७५० कित्ता मध्ये ०.५ प्रतिशत अर्थात १२,७५० कित्ता साधारण शेयर कर्मचारीहरुको लागि सुरक्षित गरिएको तथा ५ प्रतिशत अर्थात ४१,४३७ कित्ता साधारण शेयर सामूहिक लगानी कोषहरुमा बाँडफाँट गरी बाँकी रहने ७,७४,५६३ कित्ता शेयर सर्वसाधारणमा निष्काशन गरिएको छ ।

नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड
NESDO Sambridha Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रियस्तर कार्यक्षेत्र भएको)
कुश्मा नगरपालिका, वडा नं. ६, न्यूरोड, पर्वत, गण्डकी प्रदेश, नेपाल ।
फोन नं.: ०६७-४२०४०६ फ्याक्स नं. ०६७-४२०९१५
इमेलः nesdosmfi@gmail.com, वेबसाइटः www.slbs.nesdonepal.org

साधारण शेयरको बिक्री खुल्ला अवधिः		
निष्काशन खुल्ला मिति	:	**२०७८/११/११ गते**
निष्काशन बन्द हुने मिति (छिटोमा)	:	**२०७८/११/१५ गते (बैंकिङ्ग समय पश्चात्)**
निष्काशन बन्द हुने मिति (ढिलोमा)	:	**२०७८/११/२५ गते (बैंकिङ्ग समय पश्चात्)**

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता	: १० कित्ता	**दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले**
दरखास्त दिनपाउने अधिकतम कित्ता	: १,००० कित्ता	

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्कासनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्कासनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वःविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

आह्वान-पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७	आ.व. २०७७/७८	आ.ब. ०७८/०७९	आ.ब. ०७९/०८०	आ.ब. ०८०/०८१
प्रति शेयर नेटवर्थ (रु.)	९६.०२	३०२.०८	२६०.८४	३५२.२३	३६३.११	३९०.००	४०७.५९
प्रति शेयर आम्दानी (रु.)	१.८६	१११.६५	५६.८७	९४.८८	१०२.९९	१२३.८१	१३२.८२
सञ्चित नाफा/(नोक्सान) (रु. हजारमा)	१,२९९.२३	५८,३०८.११	१,२८,१९८.५१	२,५३,०३०.६६	३,१९,६२०.६३	४,३१,२८१.६७	५,७४,३१६.६७

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७८/१०/०९, नेपाल राष्ट्र बैंकमा विवरण-पत्र दर्ता भएको मिति २०७८/१०/१३ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७८/१०/१७ गते ।

१. संस्थाको नाम :

नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड (NESDO Sambridha Laghubitta Bittiya Sanstha Limited) ।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४ चैत्र २८ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हो ।

३. संस्थाको रजिष्टर्ड कार्यालय :

यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय गण्डकी प्रदेश, धवलागिरी अञ्चल, पर्वत जिल्ला, कुश्मा नगरपालिका, वडा नं. ६ मा रहेको छ ।

४. कारोवार गर्ने मुख्य स्थान :

यस वित्तीय संस्थाको कारोबार स्थान नेपाल राज्यभर रहेको छ । संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय कुश्मा नगरपालिका, वडा नं. ६, न्यूरोड, गण्डकी प्रदेश, नेपालमा रहेको छ । संस्थाको पोखरा महानगरपालिका, वडा नं. १७, ड्यामसाईडमा समन्वय कार्यालय रहेको छ । यस वित्तीय संस्थाले देशभरका ५६ वटा शाखा कार्यालयहरु मार्फत लघुवित्तीय कारोवार गर्दै आईरहेको छ । संस्थाले कात्तिक मसान्तसम्म कारोवार गर्ने शाखा कार्यालय र तीनको ठेगाना निम्न बमोजिम रहेका छन्ः

क्र.सं.	कार्यालयको नाम	कार्यालयको किसिम	ठेगाना
१	कुश्मा शाखा	शाखा कार्यालय	पर्वत जिल्ला, कुश्मा न.पा., वडा नं. ६, न्युरोड, गण्डकी प्रदेश
२	पातीचौर शाखा	शाखा कार्यालय	पर्वत जिल्ला, मोदी गा.पा., वडा नं. २, पातीचौर, गण्डकी प्रदेश
३	पोखरा शाखा	शाखा कार्यालय	कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं. ९, बाँस्तोलाथर, गण्डकी प्रदेश
४	लेखनाथ शाखा	शाखा कार्यालय	कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं. २७, अर्घौचोक, गण्डकी प्रदेश
५	भोटेओढार शाखा	शाखा कार्यालय	लमजुङ्ग जिल्ला, सुन्दरबजार न.पा., वडा नं. ९, भोटओढार, गण्डकी प्रदेश
६	डुम्रे शाखा	शाखा कार्यालय	तनहु जिल्ला, बन्दीपुर गा.पा., वडा नं. ४, शिवालयटोल, डुम्रे, गण्डकी प्रदेश
७	दमौली शाखा	शाखा कार्यालय	तनहु जिल्ला, व्यास न.पा., वडा नं. ४, भोर्लेटार चोक, दमौली, गण्डकी प्रदेश
८	स्याङ्जा शाखा	शाखा कार्यालय	स्याङ्जा जिल्ला, पुतलीबजार न.पा. वडा नं. १, स्याङ्जा, गण्डकी प्रदेश
९	खैरेनीटार शाखा	शाखा कार्यालय	तनहु जिल्ला, शुक्लगण्डकी न.पा. वडा नं. ६, खैरेनीटार, गण्डकी प्रदेश
१०	बाग्लुङ शाखा	शाखा कार्यालय	बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. २, आवारोड, बाग्लुङ, गण्डकी प्रदेश
११	म्याग्दी शाखा	शाखा कार्यालय	म्याग्दी जिल्ला, बेनी न.पा. वडा नं. ८, क्याम्पस चोक, बेनी बजार, गण्डकी प्रदेश
१२	रामपुर शाखा	शाखा कार्यालय	पाल्पा जिल्ला, रामपुर न.पा. वडा नं. ५, रामपुर, लुम्बिनी प्रदेश
१३	अमरापुरी शाखा	शाखा कार्यालय	नवलपुर जिल्ला, गैंडाकोट न.पा. वडा नं. १६, अमरापुरी, गण्डकी प्रदेश
१४	चापाकोट शाखा	शाखा कार्यालय	स्याङ्जा जिल्ला, चापाकोट न.पा. वडा नं. ९, सुन्तलीटार, गण्डकी प्रदेश
१५	परासी शाखा	शाखा कार्यालय	नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ३, परासी बजार, लुम्बिनी प्रदेश
१६	अर्घली शाखा	शाखा कार्यालय	पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. १४, देउराली, लुम्बिनी प्रदेश
१७	सुनवल शाखा	शाखा कार्यालय	नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ४, सुनवल, लुम्बिनी प्रदेश
१८	पाल्पा शाखा	शाखा कार्यालय	पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ४, तानसेन, लुम्बिनी प्रदेश
१९	गल्याङ शाखा	शाखा कार्यालय	स्याङ्जा जिल्ला, गल्याङ न.पा. वडा नं. ३, गल्याङ, गण्डकी प्रदेश
२०	कावासोती शाखा	शाखा कार्यालय	नवलपुर जिल्ला, कावासोती न.पा. वडा नं. ३, कावासोती, गण्डकी प्रदेश
२१	लुङ्खु शाखा	शाखा कार्यालय	पर्वत जिल्ला, महाशिला गा.पा., वडा नं. ५, लुङ्खु, गण्डकी प्रदेश
२२	भरतपुर शाखा	शाखा कार्यालय	चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ९, हाकिम चोक, बाग्मती प्रदेश
२३	दुईपिप्ले शाखा	शाखा कार्यालय	लमजुङ्ग जिल्ला, मध्य नेपाल न.पा. वडा नं. ४, दुईपिप्ले, गण्डकी प्रदेश
२४	दरवाङ शाखा	शाखा कार्यालय	म्याग्दी जिल्ला, मालिका गा.पा. वडा नं. ५, दरवाङ बजार, गण्डकी प्रदेश
२५	टाँडी शाखा	शाखा कार्यालय	चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १, टाँडी, वाग्मती प्रदेश
२६	बिरौटा शाखा	शाखा कार्यालय	कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १७, बिरौटा, गण्डकी प्रदेश
२७	गोरखा शाखा	शाखा कार्यालय	गोरखा जिल्ला,गोरखा न.पा. वडा नं. ८, हस्पिटल चोक, गण्डकी प्रदेश
२८	आरुघाट शाखा	शाखा कार्यालय	गोरखा जिल्ला, आरुघाट गा.पा. वडा नं. ९, आरुघाट बजार, गण्डकी प्रदेश
२९	थापाठाना शाखा	शाखा कार्यालय	पर्वत जिल्ला, फलेवास न.पा., वडा नं. २, थापाठाना बजार, गण्डकी प्रदेश
३०	माडी शाखा	शाखा कार्यालय	चितवन जिल्ला, माडी न.पा. वडा नं. ३, माडी बजार, बाग्मती प्रदेश
३१	खरवाङ शाखा	शाखा कार्यालय	बाग्लुङ जिल्ला, बडिगाड गा.पा. वडा नं. २, खरवाङ बजार, गण्डकी प्रदेश
३२	डेढगाउँ शाखा	शाखा कार्यालय	नवलपुर जिल्ला, वुङ्दीकाली गा.पा. वडा नं. २, डेढगाउँ, गण्डकी प्रदेश
३३	वालिङ शाखा	शाखा कार्यालय	स्याङ्जा जिल्ला, वालिङ न.पा. वडा नं. ८, वालिङ, गण्डकी प्रदेश
३४	भण्डारा शाखा	शाखा कार्यालय	चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ६, भण्डारा, वाग्मती प्रदेश
३५	बेशिशहर शाखा	शाखा कार्यालय	लमजुङ्ग जिल्ला, बेशिशहर न.पा. वडा नं. ७, क्याम्पस रोड, गण्डकी प्रदेश
३६	बुर्तिवाङ शाखा	शाखा कार्यालय	बाग्लुङ जिल्ला, ढोरपाटन न.पा. वडा नं. १, बुर्तिवाङ, गण्डकी प्रदेश
३७	हुवास शाखा	शाखा कार्यालय	पर्वत जिल्ला, पैयूँ गा.पा., वडा नं. ४, हुवास बजार, गण्डकी प्रदेश
३८	नौडाँडा शाखा	शाखा कार्यालय	कास्की जिल्ला, अन्नपूर्ण गा.पा. वडा नं. १, नौडाँडा, गण्डकी प्रदेश
३९	मुग्लिङ शाखा	शाखा कार्यालय	चितवन जिल्ला, इच्छाकामना गा.पा. वडा नं. ५, मुग्लिङ बजार, वाग्मती प्रदेश
४०	घ्याल्चोक शाखा	शाखा कार्यालय	गोरखा जिल्ला, गण्डकी गा.पा. वडा नं. ८, घ्याल्चोक, गण्डकी प्रदेश
४१	चनौली शाखा	शाखा कार्यालय	चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २०, चनौली, वाग्मती प्रदेश
४२	फलेवास शाखा	शाखा कार्यालय	पर्वत जिल्ला, फलेवास न.पा., वडा नं. ६, फलेवास बजार, गण्डकी प्रदेश
४३	पार्वतीपुर शाखा	शाखा कार्यालय	चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २१, पार्वतीपुर, वाग्मती प्रदेश
४४	अरुणखोला शाखा	शाखा कार्यालय	नवलपूर जिल्ला, मध्य विन्दु न.पा. वडा नं. १०, अरुणखोला, गण्डकी प्रदेश
४५	वेलाटारी शाखा	शाखा कार्यालय	नवलपरासी जिल्ला, प्रतापपुर गा.पा. वडा नं. ९, वेलाटारी, लुम्बिनी प्रदेश
४६	करापुटार शाखा	शाखा कार्यालय	लमजुङ्ग जिल्ला, मध्य नेपाल न.पा. वडा नं. ७, करापुटार, गण्डकी प्रदेश
४७	ठाँटीपोखरी शाखा	शाखा कार्यालय	गोरखा जिल्ला, पालुङ्टार न.पा. वडा नं. ५, ठाँटीपोखरी, गण्डकी प्रदेश
४८	भिमाद शाखा	शाखा कार्यालय	तनहु जिल्ला, भिमाद न.पा. वडा नं. ५, भिमाद, गण्डकी प्रदेश
४९	गल्कोट शाखा	शाखा कार्यालय	बाग्लुङ जिल्ला,गल्कोट न.पा. वडा नं. ३, गल्कोट बजार, गण्डकी प्रदेश
५०	वर्दघाट शाखा	शाखा कार्यालय	नवलपरासी जिल्ला, वर्दघाट न.पा. वडा नं. ४, वर्दघाट, लुम्बिनी प्रदेश
५१	छहरा शाखा	शाखा कार्यालय	पाल्पा जिल्ला, रैनादेवी छहरा गा.पा. वडा नं. ४, अमलावास, लुम्बिनी प्रदेश
५२	सेतीवेनी शाखा	शाखा कार्यालय	पर्वत जिल्ला, विहादी गा.पा., वडा नं. ६, सेतीवेनी, गण्डकी प्रदेश
५३	हेम्जा शाखा	शाखा कार्यालय	कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २५, हेम्जा, गण्डकी प्रदेश
५४	लामाचौर शाखा	शाखा कार्यालय	कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १६, लामाचौर, गण्डकी प्रदेश
५५	कालिका शाखा	शाखा कार्यालय	चितवन जिल्ला, कालिका न.पा. वडा नं. ७, क्लबचोक, वाग्मती प्रदेश
५६	पर्सा शाखा	शाखा कार्यालय	चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ८, पर्साढाप, वाग्मती प्रदेश

५. संगठित संस्थाको स्थापनाकाल देखि हाल सम्मको संक्षिप्त इतिहास र मुख्य उद्देश्यहरु :

यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७४ साल चैत्र २८ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा (दर्ता नं. १८७५३२/०७४/७५) दर्ता भएको हो । संस्थाले मिति २०७५ माघ २९ गतेका दिन नेपाल राष्ट्र बैंकवाट (इजाजत नं.: ने.रा.बैंक/ई.प्रा./"घ"/०८७/०७५/७६) "घ" वर्गको वित्तीय कारोवार गर्ने इजाजत प्राप्त गरेको छ ।

विगत २० वर्षदेखि नेपाल राष्ट्र बैंकवाट वित्तीय मध्यस्थकर्ताको कारोवार गर्ने इजाजत लिई काम गर्दै आईरहेको लघुवित्तीय गैर सरकारी संस्था "राष्ट्रिय शैक्षिक तथा सामाजिक विकास संस्था, नेष्डो नेपाल" ले गर्दै आई रहेको सम्पूर्ण लघुवित्तीय कारोवार मिति २०७५ फाल्गुण २१ गते देखि यस वित्तीय संस्थामा हस्तान्तरण भएसँगै सो मिति देखि यस संस्थाले "घ" वर्गको राष्ट्रियस्तरको वित्तीय संस्थाको रुपमा कारोबार सञ्चालन गर्दै आएको छ । यस वित्तीय संस्थाका संस्थापकहरुमा विभिन्न बैंक तथा वित्तीय संस्था तथा बैंकिङ्ग क्षेत्र, सरकारी क्षेत्र, गैर-सरकारी क्षेत्र, शैक्षिक क्षेत्र, कृषि, उद्योग तथा व्यापार क्षेत्र एवम् व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दखल भएका प्रतिष्ठित व्यक्तिहरु रहनुभएको छ ।

वित्तीय संस्थाको मुख्य उद्देश्यः ग्रामीण क्षेत्रमा बसोबास गर्ने विपन्न समुदायका विशेष गरी महिलाहरुलाई बिना धितो सामुहिक जमानीमा ऋण उपलब्ध गराई उनीहरुलाई उत्पादनमुलक कामको लागि प्रोत्साहन गरी उनीहरुको पारिवारिक जिवनस्तरमा सुधार ल्याउने र उनीहरुलाई समाजमा स्थापित गराउने उद्देश्य संस्थाको रहेको छ । ती विपन्न परिवारका महिला तथा पुरुषहरुलाई वित्तीय रुपले साक्षर बनाउँदै ससानो उद्यम, कृषि उत्पादन, व्यापार व्यवसाय सञ्चालन गर्न, आयस्रोत, पेशा र व्यवसायका आधारमा सानो रकम लगानी गरी उत्पादनमुलक काममा सरिक गराई उनीहरुलाई स्वरोजगार र आर्थिक रुपले सबल बनाई सिर्जनशील र स्वावलम्बी समाज निर्माणमा सघाउनु यस वित्तीय संस्थाको मुख्य उद्देश्य रहेको छ ।

यसका अलावा वित्तीय संस्थाको प्रबन्धपत्रको दफा (४) तथा नियमावलीको नियम (४) मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ कम्पनी कानुन तथा अन्य प्रचलित कानुनका अधिनमा रही लघुवित्त कारोबार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको देखिन्छ ।

(क) वित्तीय संस्थाको निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवम् कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमुलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

(घ) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारिकरणमा मद्दत पुऱ्याई देशको अर्थतन्त्रलाई सबल र सुदृढ बनाउन सहयोग पुऱ्याउने, र

(ङ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न सेवा विस्तार, प्रचार प्रसार लगायतका क्रियाकलाप मार्फत सहयोग पुऱ्याउने ।

६. संस्थाको पूँजी संरचना सम्बन्धी विवरण :

अधिकृत पूँजी : वित्तीय संस्थाको अधिकृत पूँजी रु.५०,००,००,०००/- (अक्षरेपी पचास करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ५०,००,००० (पचास लाख) थान शेयरमा विभाजन गरिएको छ ।

जारी पूँजी : वित्तीय संस्थाको जारी पूँजी रु.२५,५०,००,०००/- (अक्षरेपी पचीस करोड पचास लाख मात्र) रहेको छ । सो पूँजीलाई रु.१००/- का दरले २५,५०,००० (पचीस लाख पचास हजार) थान साधारण शेयरमा विभाजित गरिएको छ ।

चुक्ता पूँजी : वित्तीय संस्थाको हाल चुक्ता पूँजी रु.१७,२१,२५,०००/- (अक्षरेपी सत्र करोड एक्काइस लाख पच्चीस हजार मात्र) रहेको छ । वित्तीय संस्थाको आफ्नो जारी पूँजी मध्ये रु.१७,२१,२५,०००/- (अक्षरेपी सत्र करोड एक्काइस लाख पच्चीस हजार मात्र) संस्थापक शेयरधनीहरुबाट चुक्ता भईसकेको तथा बाँकी रहेको ८,२८,७५० (अक्षरेपी आठ लाख अट्ठाइस हजार सात सय पचास) कित्ता बराबर रु.८,२८,७५,०००/- (अक्षरुपी आठ करोड अठ्ठाईस लाख पचहत्तर हजार रुपैयाँ मात्र) को धितोपत्र सार्वजनिक निष्कासनद्वारा सर्वसाधारणमा निष्कासन गरी बाँडफाँट गरे पश्चात् वित्तीय संस्थाको चुक्ता पूँजी रु.२५,५०,००,०००/- (अक्षरेपी पच्चीस करोड पचास लाख रुँपैयाँ मात्र) हुनेछ ।

आर्थिक वर्ष	अधिकृत पूँजी (रु.)	जारी पूँजी (रु.)	चुक्ता पूँजी (रु.)	कैफियत
२०७५/०७६	५०,००,००,०००/-	१०,००,००,०००/-	७,००,००,०००/-	
२०७६/०७७	५०,००,००,०००/-	१०,००,००,०००/-	७,००,००,०००/-	
२०७७/०७८	५०,००,००,०००/-	२५,५०,००,०००/-	१७,२१,२५,०००/-	संस्थापक शेयरधनीहरुलाई हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गरिएको ।

७. सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम रु.	भुक्तानी प्रतिशत
क	संस्थापक	१७,२१,२५०	६७.५०%	१७,२१,२५,०००.००	शतप्रतिशत
ख	सर्वसाधारण (कर्मचारी समेत)	८,२८,७५०	३२.५०%	८,२८,७५,०००.००	निष्कासन पश्चात्
	जम्मा	**२५,५०,०००**	**१००.००%**	**२५,५०,००,०००.००**	

८. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २७ को उपनियम २ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको देहाए बमोजिमको सञ्चालक समिति गठन हुनेछ । सञ्चालकहरुको कार्यकाल ४ वर्षको रहेको छ ।

समूह "क" संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित/मनोनीत सञ्चालकहरु	४ जना
समूह "ख" शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित/मनोनीत सञ्चालकहरु	२ जना
स्वतन्त्र सञ्चालक	१ जना
जम्मा	**७ जना**

सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था : वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको सञ्चालक हुनको लागि यस वित्तीय संस्थाको कम्तिमा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ । यसरी शेयर लिने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितोबन्धक दिएको वा राखेको हुनु हुँदैन । तर स्वतन्त्र सञ्चालक वा संगठित संस्थाले वित्तीय संस्थामा लगानी गरी सञ्चालक मनोनयन गरेको अवस्थामा सञ्चालकले व्यक्तिगत हैसियतले त्यस्तो शेयर लिन आवश्यक हुने छैन ।

९. संचालक तथा आधारभुत शेयरधनीहरुको विवरण :

आधारभुत शेयरधनीहरुको विवरण

सि.नं.	नाम	पद	उमेर	राष्ट्रियता	शैक्षिक योग्यता	ठेगाना	शेयर स्वामित्व (कित्ता)	प्रस्तावित ब्यापार/ व्यबसायमा	अन्य कार्य अनुभव
१.	राष्ट्रिय शैक्षिक तथा सामाजिक विकास संस्था, नेष्डो नेपाल	लागु नहुने ।				कुश्मा नगरपालिका, वडा नं. ०६, न्यूरोड, पर्वत, गण्डकी प्रदेश	१२,००,०००	नभएको	• ३० वर्षदेखि ४ दर्जन विकास परियोजना सञ्चालन • ३० वटा समूह गठन, वचत तथा ऋण परिचालन कार्य • २९ वर्ष लघुवित्त कारोवार सञ्चालन
२.	प्रभु वैंक लि., बवरमहल, काठमाण्डौ ।		लागु	नहुने ।		काठमाण्डौ महानगरपालिका, वडा नं. ३२, काठमाडौं, वाग्मती प्रदेश	१,२५,०००	क वर्गको वैकिङ्ग सेवा	
३.	विश्व प्रकाश प्रसाई ठकुरी	प्रबन्ध सञ्चालक	४९	नेपाली	एम.ए./ बि.एल.	मोदी गा.पा.(५, पर्वत, गण्डकी प्रदेश	३७,५००	नभएको	• विगत ३० वर्ष देखि नेष्डो नेपाल मार्फत सामाजिक क्षेत्रमा क्रियाशिल • २० वर्ष देखि नेष्डो वचत तथा ऋण सहकारी संस्थामा रही बचत तथा ऋण सम्बन्धी नीतिगत व्यवस्थापन अनुभव • १९ वर्ष भन्दा वढि समय लुघवित्तीय गैर सरकारी संस्था नेष्डो नेपालमा कार्यकारी प्रमुख रही कार्य अनुभव • १० वर्ष प्राईभेट रुपमा कानूनी वकालत, वहस पैरवी • रोटरी क्लव अफ पर्वत लगायत डेढ दर्जन सामाजिक संघसंस्थामा नेतृत्वदायी भुमिकामा कार्यरत • रेडियो समृद्ध नेपाल लगायतका सञ्चारगृहमा व्यवस्थापकीय अनुभव हासिल

सञ्चालकहरुको विवरणः

सि.नं.	नाम	पद	उमेर	समूह	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	स्तावित ब्यापार/व्यबसायमा अनुभव
१	श्री साबीत्री खत्री क्षेत्री लामिछाने, पर्वत जिल्ला, मोदी गा.पा. वडा नं.६	अध्यक्ष	४४	संस्थापक	नेपाली	१५,०००	वि.कम.	• २६ वर्ष सामाजिक अभियानमा संलग्न • १९ वर्ष लघु वित्तीय गैसस नेष्डो नेपाल र ५ वर्षदेखि नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि.मा सञ्चालकको अनुभव
२	श्री विश्व प्रकास प्रसाई ठकुरी, पर्वत जिल्ला, मोदी गा.पा. वडा नं. ५, (प्रतिनिधिः राष्ट्रिय शैक्षिक तथा सामाजिक संस्था, नेष्डो)	प्रबन्ध सञ्चालक	४९	संस्थापक	नेपाली	३७,५००	एम.ए./ बि.एल.	• विगत ३० वर्ष देखि नेष्डो नेपाल मार्फत सामाजिक क्षेत्रमा क्रियाशिल • २० वर्ष देखि नेष्डो बचत तथा ऋण सहकारी संस्थामा रही वचत तथा ऋण सम्बन्धी नीतिगत व्यवस्थापन अनुभव • १९ वर्ष भन्दा वढि समय लुघवित्तीय गैर सरकारी संस्था नेष्डो नेपालमा कार्यकारी प्रमुख रही कार्य अनुभव • १० वर्ष प्राईभेट रुपमा कानूनी वकालत, वहस पैरवी • रोटरी क्लव अफ पर्वत लगायत डेढ दर्जन सामाजिक संघसंस्थामा नेतृत्वदायी भुमिकामा कार्यरत • रेडियो समृद्ध नेपाल लगायतका सञ्चारगृहमा व्यवस्थापकीय अनुभव हासिल ।
३	श्री रत्न प्रसाद अधिकारी, पर्वत जिल्ला, मोदी गा.पा., वडा नं.५	सञ्चालक	७२	संस्थापक	नेपाली	५,०००	वि.एड	• ४३ वर्ष महेन्द्र शिखरिणी मा.वि./उच्च मा.वि.मा प्रधानाध्यापक • १५ वर्ष लघुवित्तीय गैसस नेष्डो नेपालमा सञ्चालक • विगत ३ वर्ष देखि नेष्डो समृद्धमा सञ्चालक
४	श्री रेशम बहादुर खत्री, बाग्लुङ्ग जिल्ला, वाग्लुङ्ग न.पा.-१३	सञ्चालक	५३	संस्थापक	नेपाली	२,५००	एम.वि.ए.	• २० वर्ष अध्यापन उच्च मा.वि. तथा क्याम्पसमा अध्यापन • ११ वर्षदेखि नेष्डो समृद्ध लगायत विभिन्न संस्थामा सञ्चालक रही अनुभव हासिल गरेको • रोटरी इन्टरनेशनलमा संलग्न
५	श्री प्रेम शर्मा पौडेल, पर्वत जिल्ला, कुश्मा नगरपालिका-८	स्वतन्त्र सञ्चालक	५२	संस्थापक	नेपाली	२,५००	एम.वि.ए.	• २० वर्ष अध्यापन उच्च मा.वि. तथा क्याम्पसमा अध्यापन • ११ वर्ष देखि नेष्डो समृद्ध लगायत विभिन्न संस्थामा सञ्चालक रही अनुभव हासिल गरेको • रोटरी इन्टरनेशनलमा संलग्न

संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरणः

क्र.सं.	नाम	पद	योग्यता	कार्यानुभव
१.	विश्व प्रकाश प्रसाई ठकुरी	प्रबन्ध सञ्चालक	एम.ए./ विएल	• विगत ३० वर्ष देखि नेष्डो नेपाल मार्फत सामाजिक क्षेत्रमा क्रियाशिल • २० वर्ष देखि नेष्डो वचत तथा ऋण सहकारी संस्थामा रही वचत तथा ऋण सम्बन्धी नीतिगत व्यवस्थापन अनुभव • १९ वर्ष भन्दा वढि समय लुघवित्तीय गैर सरकारी संस्था नेष्डो नेपालमा कार्यकारी प्रमुख रही कार्य अनुभव • १० वर्ष प्राईभेट रुपमा कानूनी वकालत, वहस पैरवी • रोटरी क्लव अफ पर्वत लगायत डेढ दर्जन सामाजिक संघसंस्थामा नेतृत्वदायी भुमिकामा कार्यरत • रेडियो समृद्ध नेपाल लगायतका सञ्चारगृहमा व्यवस्थापकीय अनुभव हासिल
२.	युधिष्ठिर भुषाल शर्मा	वरिष्ठ प्रबन्धक	एम.कम.	• २१ वर्ष सामाजिक क्षेत्र • १७ लघुवित्त गैसस नेष्डो नेपालमा अधिकृत हुँदै वरिष्ठ प्रबन्धकको जिम्मेवारी • विगत ३ वर्षदेखि नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि. मा वरिष्ठ प्रबन्धकको रुपमा कार्यरत
३.	नारायण प्रसाद प्रसाई	प्रबन्धक	वि.ए.	• २५ वर्ष सामाजिक क्षेत्र • १७ लघुवित्त गैसस नेष्डो नेपालमा अधिकृतको रुपमा विभिन्न जिम्मेवारी वहन • विगत ३ वर्षदेखि नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि मा प्रबन्धकको रुपमा कार्यरत

१०. सीमित दायित्व सम्बन्धी विवरण :

यस वित्तीय संस्था, कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत लघुवित्त वित्तीय कारोवार गर्न स्थापना भएको पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म सिमित रहनेछ ।

११. धितोपत्र जारी गर्नुको उद्देश्य :

(अ) वित्तीय संस्थाले जारी पूँजी रु.२५ करोड ५० लाख मध्ये प्रबन्धपत्रमा व्यवस्था भए अनुरुप जारी पूँजीको ३२.५० प्रतिशत शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने भएको कारण जारी पूँजीको ३२.५० प्रतिशतले हुने रु.८ करोड २८ लाख ७५ हजार बराबरको शेयर प्रति कित्ता अंकित मुल्य रु.१००/- का दरले ८,२८,७५० कित्ता साधारण शेयरहरु सर्वसाधारणमा बिक्री वितरण गरी वित्तीय संस्थाको सञ्चालनमा सर्वसाधारण शेयरधनीलाई समावेश गराउने ।

(आ) वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवम् आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्ने ।

(इ) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने काम कारोबारका लागि आवश्यक पर्ने पूँजी जुटाउने ।

(ई) वित्तीय संस्थाको पूँजीकोष वृद्धि गर्ने ।

(उ) संस्थाको सार्वजनिक प्रतिष्ठा अभिवृद्धिका गर्ने ।

१२. वित्तीय संस्थाको विगत तीन वर्षको लेखापरीक्षण भएको तथा आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा-नोक्सान हिसाब तथा नेटवर्थ सम्बन्धी विवरण :

वासलात

(रु.हजारमा)

विवरण	वास्तविक			*आ.ब. ०७७/०७८	*आ.व. ०७८/०७९ पुष मसान्त	प्रक्षेपित		
	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७			आ.ब. ०७८/०७९	आ.ब. ०७९/०८०	आ.ब. ०८०/०८१
पूँजी तथा दायित्व								
१. शेयर पूँजी	७०,०००	७०,०००	१,७२,१२५	१,७२,१२५	१,७२,१२५	३,३१,५००	४,४७,५२५	६,२६,५३५
२. जगेडा तथा कोषहरु	१,२९९	१,४३,५३२८	२,७७,८८२	४,३५,१९१	५,४०,३८२	५,९४,४४१	८,४५,३१६	११,९७,५२५
३. डिबेन्चर तथा बण्ड	-	-	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	-	२,११,०२७	३,१२,५००	३,८९,२७३	३,३३,४३९	९,६९,७९३	१६,६६,२००	२३,४८,१२७
५. निक्षेप दायित्व	-	१७,८४,०१५	२०,८५,९३९	२२,४३,०५२	२३,७१,२१९	३७,०१,०३६	५९,२१,६५७	८८,८२,४८६
६. प्रस्तावित नगद लाभांश	-	-	-	-	-	२२,८१६	३०,५३३	४२,३९७
७. आयकर दायित्व	-	१५,२२७	१,००९	१४,९८९	२५,०१२	१६,४८८	१८,१३७	१९,९५१
८. अन्य दायित्व	१,१९४	११,५६,१५५*	९,८६,८६२	६,२९,३६५	७,०१,९५७	७,७०,५३८	९,५७,८४६	११,७२,१५७
कुल पूँजी तथा दायित्व	७२,४९३	३३,७९,९५५	३८,३६,३१७	३८,८३,९९५	४१,४४,१३४	६४,०६,६१२	९८,८७,२१४	१,४२,८९,१७७
सम्पत्ति								
१. नगद मौज्दात	-	१८७	२,०२०	३,२८८	१,२३०	४,२७५	५,५५७	७,२२४
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	-	-	-	-	-	-	-	-
३. बैंक र वित्तीय संस्थामा रहेको मौज्दात	६८,४१०	२,२०,३०२	५,८७,४६५	४,८२,६७७	२,५०,११९	५,८६,६८०	७,१५,०८५	८,६९,३३६
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-	-	-	-	-	-	-	-
५. लगानी	-	-	-	-	-	-	-	-
६. कर्जा सापट	-	३१,११,१२४	३२,०२,८९०	३३,५७,३६६	३८,४४,८६३	५७,५५,६२१	९०,९३,७९२	१,३३,२७,८११
७. स्थिर सम्पत्ति	-	१२,००९	१२,६४८	१०,१५६	८,९७५	१६,१७९	२१,४५२	२५,५६३
८. गैर बैकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	४,०८४	३६,३३२	३१,२९४	३०,५०७	३८,९४७	४३,८५७	५१,३२८	५९,२१३
कुल सम्पत्ति	७२,४९३	३३,७९,९५५	३८,३६,३१७	३८,८३,९९५	४१,४४,१३४	६४,०६,६१२	९८,८७,२१४	१,४२,८९,१७७

नोटः नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार आर्थिक वर्ष ०७५/०७६ को अन्य दायित्व शिर्षक अर्न्तगतको कर्जा सुरक्षण कोष तथा जीवन तथा आवास सुरक्षा कोषमा जम्मा भएको रकम रु.६४,०७७.१० हजारलाई आ.व.०७६/७७ को वित्तीय विवरणमा गत वर्षको अन्य दायित्व शिर्षकबाट घटाई गतवर्षको जगेडा तथा कोषहरु शिर्षकको ग्राहक संरक्षण कोष अन्तर्गत राखिएको ।

नाफा-नोक्सान हिसाब

(रु.हजारमा)

विवरण	वास्तविक			*आ.ब. ०७७/०७८	*आ.व. ०७८/०७९ पुष मसान्त	प्रक्षेपित		
	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७			आ.ब. ०७८/०७९	आ.ब. ०७९/०८०	आ.ब. ०८०/०८१
१. ब्याज आम्दानी	१,२९९	२,०७,९५६	६,२७,२५०	५,९७,२१८	२,९०,५५३	७,६२,६१३	१२,०२,५४२	१७,८३,४२७
२. ब्याज खर्च	-	७८,१७९	२,२१,५५१	१,८३,५४१	१,०२,९७५	२,५५,६१०	४,२९,०५४	६,५८,६४६
खुद ब्याज आम्दानी	१,२९९	१,२९,७७७	४,०५,६९८	४,१३,६७७	१,८७,५७८	५,०७,००३	७,७३,४८८	११,२४,७८०
३. कमिशन तथा डिस्काउन्ट	-	४२,०५६	८०,८९१	७४,२०२	४४,४२३	९१,२३८	१,४०,५३४	२,०२,७९४
४. सटही घटबढ आम्दानी	-	-	-	-	-	-	-	-
कूल सञ्चालन आम्दानी	१,२९९	१,७१,८३३	४,८६,५८९	४,८७,८७९	२,३२,००१	५,९८,२४१	९,१४,०२२	१३,२७,५७५
५. कर्मचारी खर्च	-	२८,७९३	१,०१,१२१	९७,२४२	४५,७८२	१,२६,४१५	१,७६,९८१	२,६५,४७२
६. अन्य सञ्चालन खर्च	०.५९	१३,३०३	३२,२५७	२८,४७३	१५,४६६	३९,३९०	५१,९७५	७६,२११
७. सटही घटबढ नोक्सान	-	-	-	-	-	-	-	-
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा	१,२९९	१,२९,७३८	३,५३,२१२	३,६२,१६४	१,७०,७५४	४,३२,४३६	६,८५,०६६	९,८५,८९२
८. सम्भावित नोक्सानी व्यवस्थाहरु	-	१७,६३२	२,०१,८३९	१,०२,९४३	३००	२५,९३३	४६,३६९	५८,१९१
सञ्चालन मुनाफा	१,२९९	१,१२,१०६	१,५१,३७३	२,५९,२२०	१,७०,४५४	४,०६,५०३	६,३८,६९७	९,२७,७००
९ गैर सञ्चालन आम्दानी/नोक्सान	-	-	-	-	-	-	-	-
१०. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	-	४,६६६	१,७५०	-	-	-	-	-
नियमित कारोबारबाट भएको मुनाफा	१,२९९	१,१६,७७२	१,५३,१२२	२,५९,२२०	१,७०,४५४	४,०६,५०३	६,३८,६९७	९,२७,७००
११. असामान्य कारोबारबाट भएको मुनाफा/खर्च	-	३०१	८६०	-	-	-	-	
सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा	१,२९९	१,१७,०७३	१,५३,९८२	२,५९,२२०	१,७०,४५४	४,०६,५०३	६,३८,६९७	९,२७,७००
१२. कर्मचारी बोनस व्यवस्था	-	१०,६४३	१३,९९८	२५,९२२	१७,०४५	३६,९५५	५८,०६३	८४,३३६
१३. आयकर व्यवस्था	-	२८,२७४	४२,०९६	६९,९८९	४६,०२२	१,०६,९१२	१,७०,१९८	२,४८,९७७
- यस वर्षको कर व्यवस्था	-	३२,२२७	४६,००९	६९,९८९	४६,०२२	१,१०,८६५	१,७४,१९०	२,५३,००९
- गत वर्षसम्मको कर व्यवस्था	-	-	-	-	-	-	-	-
- यस वर्षको स्थगन कर आम्दानी/खर्च	-	(३,९५२)	(३,९१४)	-	-	(३,९५३)	(३,९९२)	(४,०३२)
खुद नाफा/(नोक्सान)	१,२९९	७८,१५५	९७,८८८	१,६३,३०९	१,०७,३८६	२,६२,६३६	४,१०,४३६	५,९४,३८७

*आ.व.२०७७/०७८ को लेखापरीक्षण सम्पन्न भै नसकेकोले सो अवधि र आ.व.२०७८/०७९ पुष मसान्तसम्मको लेखापरीक्षकबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण समावेश गरिएको छ ।

नाफा-नोक्सान बाँडफाँड हिसाब

(रु.हजारमा)

विवरण	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७
आम्दानी			
१. गत वर्षसम्मको सञ्चित मुनाफा	-	१,२९९	५८,३०८
२. यस वर्षको मुनाफा	१,२९९	७८,१५५	९७,८८८
३. सटही घटबढ कोष	-	-	-
जम्मा	१,२९९	७९,४५५	१,५६,१९६
खर्च			
१. गत वर्षसम्मको सञ्चित नोक्सान	-	-	-
२. यस वर्षको नोक्सान	-	-	-
३. साधारण जगेडा कोष	-	१५,६३१	१९,५७८
४. भैपरी आउने जगेडा कोष	-	-	-
.	-	-	-
६. लाभांश समीकरण कोष	-	-	-
७ कर्मचारी सम्बन्धी जगेडाहरु	-	-	-
८. प्रस्तावित लाभांश	-	-	-
९. प्रस्तावित बोनस शेयर	-	-	-
१०. विशेष जगेडा कोष	-	-	-
११. सटही घटबढ कोष	-	-	-
१२. पूँजी फिर्ता जगेडा कोष	-	-	-
१३. पूँजी समायोजन कोष	-	-	-
१४. ग्राहक संरक्षण कोष	-	७८२	९७९
१५. स्थगन कर जगेडा	-	३,९५२	३,९१३
१६. संस्थागत सामाजिक उत्तरदायित्व कोष	-	७८२	९७९
१७. कर्मचारी दक्षता अभिवृद्धि कोष	-	-	२,५४९
जम्मा	-	२१,१४६	२७,९९७
१८. सञ्चित मुनाफा/(नोक्सान)	१,२९९	५८,३०८	१,२८,१९८

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक			अपरिष्कृत २०७७/७८ आषाढ मसान्त	प्रक्षेपित		
	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७		आ.ब. ०७८/०७९	आ.ब. ०७९/०८०	आ.ब. ०८०/०८१
शेयर पूँजी (रु. हजारमा)	७०,०००	७०,०००	१,७२,१२५	१,७२,१२५	३,३१,५००	४,४७,५२५	६,२६,५३५
जगेडा तथा कोष (रु. हजारमा)	१,२९९	१,४३,५३२*	२,७७,८८२	४,३५,१९१	५,९४,४४१	८,४५,३१६	११,९७,५२५
जम्मा	७१,२९९	२,१३,५३२	४,५०,००७	६,०७,३१६	९,२५,९४१	१२,९२,८४१	१८,२४,०६०
घटाउने अपलेखन गर्न बाँकी खर्च(रु. हजारमा)	४,०८४	२,०७३	१,०३७	१,०३७	-	-	-
कूल नेटवर्थ	६७,२१६	२,११,४५८	४,४८,९७०	६,०६,२७९	९,२५,९४१	१२,९२,८४१	१८,२४,०६०
शेयर संख्या (हजारमा)	७००	७००	१,७२१	१,७२१	३,३१५	४,४७५	६,२६५
प्रति शेयर नेटवर्थ (रु.)	९६.०२	३०२.०८	२६०.८४	३५२.२३	३६३.११	३९०.००	४०७.५९
खुद नाफा/नोक्सान (रु. हजारमा)	१,२९९	७८,१५५	९७,८८८	१,६३,३०९	२,६२,६३६	४,१०,४३६	५,९४,३८७
प्रति शेयर आम्दानी (EPS) (रु.)	१.८६	१११.६५	५६.८७	९४.८८	१०२.९९	१२३.८१	१३२.८२
नेटवर्थमा औसत प्रतिफल (प्रतिशत)	१.९३	३६.९६	२१.८०	२६.९४	२८.३६	३१.७५	३२.५९
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००

निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल (Minimum return on increased networth required to maintain pre-issue EPS) = २७%

नोटः नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार आर्थिक वर्ष ०७५/०७६ को अन्य दायित्व शिर्षक अर्न्तगतको कर्जा सुरक्षण कोष तथा जीवन तथा आवास सुरक्षा कोषमा जम्मा भएको रकम रु.६४,०७७.१० हजारलाई आ.व. ०७६/७७ को वित्तीय विवरणमा गत वर्षको अन्य दायित्व शिर्षकबाट घटाई गतवर्षको जगेडा तथा कोषहरु शिर्षकको ग्राहक संरक्षण कोष अन्तर्गत राखिएको ।

विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल : २०.२३%

द्रष्टव्यः यस वित्तीय संस्थाको आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षहरुको कारोवारको आधारमा निष्कासनकर्ता कम्पनी आफैले तयार पारेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु पुनरावलोकन गरी यथार्थपरक भएको व्यहोरा सहितको राय व्यक्त गर्ने विशेषज्ञमा श्री वि.आर.वि.एस. एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्सका चार्टर्ड एकाउण्टेण्ट श्री विशाल राज भुसाल, काठमाण्डौ हुनुहुन्छ ।

वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

विवरण	आ.ब.०७८/०७९	आ.ब.०७९/०८०	आ.ब.०८०/०८१
निक्षेपमा वृद्धिदर (प्रतिशत)	६५.००	६०.००	५०.००
कर्जा तथा सापटमा वृद्धिदर (प्रतिशत)	६५.००	५५.००	४५.००
सञ्चालन खर्च वृद्धिदर (प्रतिशत)	३८.३४	३१.९५	४६.६३
कूल आयमा वृद्धिदर (प्रतिशत)	२७.६९	५७.६९	४८.३०
आयकर दर (प्रतिशत)	३०.००	३०.००	३०.००
निष्क्रिय कर्जा (प्रतिशत)	४.२७	२.७८	१.९४
खुद नाफामा वृद्धिदर (प्रतिशत)	६०.८२	५६.२८	४४.८२
व्याज आयमा वृद्धिदर (प्रतिशत)	२७.६९	५७.६९	४८.३०
कूल आयमा सञ्चालन खर्च (प्रतिशत)	४.६१	३.८७	३.८४
आयकर बाहेक कूल खर्चमा सञ्चालन खर्च (प्रतिशत)	८.१३	६.८२	६.६७
अनिवार्य नगद मौज्दात (CRR) (प्रतिशत)	०.५२	०.५३	०.५३
पूँजीकोष अनुपात (CAR) (प्रतिशत)	१३.२८	१२.५०	१२.५०

माथि उल्लेखित वित्तीय प्रक्षेपणका आधारको औचित्य पुष्टी हुने विवरणहरु :

१. **शाखा संख्याः**
संस्थाले व्यबसाय वृद्धिको लागि आ.व. २०७७/०७८ को असार मसान्तसम्म ५६ वटा शाखा कार्यालय मार्फत सेवा दिँदै आएको छ । चालु आ.व. २०७८/०७९ को अन्त्यसम्ममा शाखा थप गर्ने संस्थाको योजना रहेको छैन । आ.व. २०७९/०८० सम्ममा ३० .वटा शाखा थप गरी कुल शाखा संख्या ८६ पुऱ्याउदै आ.व. २०८०/८१ मा ३५ वटा नयाँ शाखा थप गरी कुल १ सय २१ वटा शाखा पुऱ्याउने संस्थाको लक्ष्य रहेको छ ।

२. **सदस्य संख्याः**
संस्थाले व्यबसाय वृद्धिको लागि आ.व. २०७७/०७८ को असार मसान्तसम्म ५६ वटा शाखा कार्यालय मार्फत ७८ हजार ५४ जना सदस्यलाई संस्थामा आवद्ध गरी लघुवित्तीय सेवा दिँदै आएको छ । चालु आ.व. २०७८/०७९ को अन्त्य सम्ममा ३ हजार ३९१ सदस्य थप गरी जम्मा ८१ हजार ५९२ सदस्य पुऱ्याउने लक्ष्य रहेको छ । त्यसैगरी आ.व. २०७९/०८० मा २० हजार ३९८ सदस्य थप गरी जम्मा १ लाख १ हजार ९९० सदस्य पुऱ्याउने र आ.व. २०८०/०८१ मा ३५ हजार ६५७ सदस्य थप गरी जम्मा १ लाख ३७ हजार ६८७ सदस्य पुऱ्याउने लक्ष्य रहेको छ ।

३. **ऋणी संख्याः**
आ.व. २०७७/०७८ मा कुल ऋणी संख्या ३९ हजार ९१५ रहेको छ । यस आ.व. मा सदस्य र ऋणीको अनुपात ५१.१४ प्रतिशत रहेकोमा चालु आ.व.२०७८/०७९ मा २ हजार ५०० ऋणी थप गरी ४६ हजार ४६१ पुग्नेछ । जसको सदस्य ऋणी अनुपात ५६.९४ प्रतिशत कायम हुनेछ । यसैगरी आ.व. २०७९/०८० मा ४९ हजार ९२० ऋणी थप गरी ९५ हजार ३८१ पुऱ्याउने लक्ष्य रहेको छ भने आ.व.२०८०/०८१ मा १४ हजार ७६८ ऋणी थप गरी १ लाख १० हजार १४९ पुर्‍याउने लक्ष्य रहेको छ । यो लक्ष्य पुरा हुँदा सदस्य ऋणी अनुपात ८० प्रतिशत कायम हुनेछ ।

४. **कर्जा तथा सापटः**
यस वित्तीय संस्थाले वित्तीय कारोवार मिति २०७५ फाल्गुन २१ गतेबाट शुरु गरेकोमा आ.व. २०७५/०७६ सम्ममा रु.३ अर्ब १८ करोड २ लाख ४४ हजार १३२ कर्जा लगानीमा रहिरहेको थियो । त्यसै गरी आ.व. २०७६/०७७ मा २.९५ प्रतिशतले वृद्धि भै जम्मा रु.३ अर्ब ४७ करोड २० लाख ९९ हजार ७३८ पुऱ्याएको थियो । त्यसै गरी आ.व. २०७७/०७८ मा ७.४१ प्रतिशतले वृद्धि भै जम्मा रु.३ अर्ब ७२ करोड ९५ लाख १९ हजार ५२३ पुऱ्याएको छ । यस लघुवित्त संस्थाको ऋणी संख्यामा वृद्धि सँगै लगानीमा रहिरहेको रकम समेत वृद्धि हुने देखिएकोले चालु आर्थिक वर्ष २०७८/७९ मा ६ अर्ब १५ करोड ३७ लाख ७ हजार २१३, आ.व. २०७९/८० मा ९ अर्ब ५३ करोड ८२ लाख ४६ हजार १८० र यसै गरी आ.व. २०८०/८१ मा १३ अर्ब ८३ करोड ४ लाख ५६ हजार ९६१ पुऱ्याउने संस्थाको लक्ष्य रहेको छ जस अनुसार क्रमशः ६५ प्रतिशत, ५५ प्रतिशत र ४५ प्रतिशतको दरले कर्जा सापटमा वृद्धि गर्ने योजना रहेको छ ।

५. **निक्षेप वृद्धिः**
आ.व. २०७६/०७७ मा रु.२ अर्ब ८ करोड ५९ लाख ३८ हजार ८५२ निक्षेप संकलन भएकोमा सदस्य संख्या वृद्धिसँगै आ.व. २०७७/०७८ मा रु.२ अर्ब २४ करोड ३० लाख ५१ हजार ९१३ निक्षेप संकलन भएको छ । सदस्य संख्या वृद्धि भएको अनुपातमा निक्षेप वृद्धि भई आउने आर्थिक वर्ष क्रमशः २०७८/०७९ मा ३ अर्ब ७० करोड १० लाख ३५ हजार ६५७, आ.व. २०७९/०८० मा ५ अर्ब ९२ करोड १६ लाख ५७ हजार ०५१ र आ.व. २०८०/०८१ मा ८ अर्ब ८८ करोड २४ लाख ८५ हजार ५७६ पुऱ्याउने लक्ष्य छ । जस अनुसार निक्षेप वृद्धिदर क्रमशः ६५ प्रतिशत, ६० प्रतिशत र ५० प्रतिशत कायम हुनेछ ।

६. सञ्चालन नाफाको १० प्रतिशत रकम कर्मचारी बोनस व्यवस्थाको लागि छुट्ट्याइएको छ ।

७. आउँदो वर्षहरुको लागि वित्तीय संस्थाले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागि व्यवस्था गरिएको छ ।

८. गत वर्षहरुको वास्तविक आँकडा तथा आउँदो वर्षको सञ्चालन योजनाको आधारमा वित्तीय संस्थाको व्यवस्थापनद्वारा वित्तीय विवरण प्रक्षेपण गरिएको हो ।

९. पूँजी प्रर्याप्तता (Capital Adequacy) को अनुपात नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी प्रक्षेपण गरिएको छ । जस अनुरुप पूँजी कोषको अनुपात आ.व.२०७८/०७९, आ.व.२०७९/०८० र आ.व.२०८०/०८१ को लागि क्रमशः १३.१७ प्रतिशत, १२.५७ प्रतिशत र १२.७२ प्रतिशत हुने गरी प्रक्षेपण गरिएको छ ।

१३. अर्न्तनिहित जोखीम तथा सो व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

अन्तर्निहित जोखिम र सो को ब्यबस्थापनको लागि ब्यबस्थापनको धारणा निम्नानुसार रहेको छ ।

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिमः**
१. कर्जा सापटी तथा कर्जा लगानीको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।
२. नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्नसक्ने असरबाट हुनसक्ने जोखिमहरु ।
३. वित्तीय श्रोतको अभावबाट लगानीको दायरा संकुचित हुनसक्ने जोखिमहरु ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिमः** नभएको ।

(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिमः**
१. नयाँ वित्तीय संस्थाको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु ।
२. वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
३. निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिमः** सो नभएको ।

(ङ) **विदेशी विनिमयको जोखिमः** सो नभएको ।

(च) **कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरुः** सो नभएको ।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमः**
१. अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीले पार्नसक्ने असर वित्तीय क्षेत्रमा पर्नसक्ने भएकोले सोबाट हुने जोखिमहरु ।
२. पूँजी बजारमा आउन सक्ने उतार चढावबाट पर्नसक्ने जोखिमहरु ।
३.भुराजनीति अवस्था तथा अन्तर्राष्ट्रिय व्यापारमा भएको तिव्र प्रतिस्पर्धाबाट पर्नसक्ने जोखिमहरु ।
४. अन्तर्राष्ट्रिय रोजगारीको कारणले सामाजिक तथा आर्थिक स्थायित्वमा आउन सक्ने विचलनबाट पर्नसक्ने जोखिमहरु ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिमः** नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकले वर्तमान वित्तीय तथा मौद्रिक नीतिमा प्रभाव पार्ने गरी कुनै निर्णय वा व्यवस्था वा कानून लागू गरेमा वित्तीय संस्थालाई असर पर्न सक्छ ।

(झ) **सञ्चालन इतिहासको अभावः** संगठित संस्थाको नामवाट मिति २०७५/११/२१ गतेदेखि वित्तीय कारोवार सञ्चालन गरेकोले सञ्चालन इतिहासको छोटो अनुभव रहेको छ । तापनि यस संस्थाको मातृ संस्थाको रुपमा रहेको राष्ट्रिय शैक्षिक तथा सामाजिक विकास संस्था, नेष्डो नेपालले मिति २०६७ कात्तिक १७ गते देखि नेपाल राष्ट्र बैंकबाट वित्तीय मध्यस्थताको काम गर्ने इजाजत प्राप्त गरी यहि प्रकृतिको कारोवार सञ्चालन गर्दै आएको सन्दर्भमा संस्थाले तत्कालिन माओवादी जनयुद्ध, राजतत्रात्मक शासन पद्धतीवाट गणतन्त्रात्मक शासन पद्धतीमा रुपान्तरण, वि.सं. २०७२ को महाभुकम्पन लगायत लघुवित्त कारोवारमा प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पार्ने धेरै चुनौतीहरुलाई सामाना गर्दै सुरक्षित ग्राहक केन्द्रित कारोवार गर्न सक्षमता हासिल गरेकाले सञ्चालन सम्बन्धी ऐतिहासिक अनुभवको अभाव विद्यमान छैन ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिमः** प्रविधिमा आउने परिवर्तनबाट वित्तीय संस्थाको सञ्चालन तथा कारोबार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । हाल प्रयोग भइरहेको सफ्टवेयर तथा हार्डवेयरमा प्रविधिको परिवर्तनबाट आउन सक्ने जोखिम व्यवस्थापनको लागि तथ्यांकहरुको सुरक्षार्थ Data Backup मा विशेष सतर्कता अपनाइएको छ । साथै, समयानुकूल परिमार्जन गर्न परेमा थप खर्च बढ्न सक्ने र प्रविधि परिवर्तन अनुसार कर्मचारीहरु अभ्यस्त नभई कार्य सम्पादन गर्न कठिनाई हुन सक्ने भएकोले प्रविधि परिवर्तनबाट सिर्जित हुन सक्ने जोखिमहरुलाई मध्यनजर गरी आवश्यक तालिम तथा विज्ञहरुको सुझावहरु समय समयमा लिईरहेको छ ।

(ट) **कोभिड-१९ को महामारीबाट आउन सक्ने जोखिमः**
विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ को पहिलो लहरवाट लघुवित्त क्षेत्र मात्र नभै सम्पूर्ण वित्तीय क्षेत्रमा उच्च जोखिम देखिएता पनि आर्थिक वर्ष २०७७/७८ चैत्र मसान्तसम्ममा यसको अधिकांश असरलाई संस्थाले व्यवस्थापन गरी सकेको र सो संक्रमणको दोश्रो लहरको कारण पुनः देशमा लकडाउन भएसँगै संस्थाको कारोवारमा भाका नाघ्न सक्ने संभावनाको साथै केही जोखिम व्होर्ने कोष प्रयोजनको लागि खर्च वढन सक्ने देखिन्छ ।

(ठ) **अन्यः** - देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुनसक्ने जोखिमहरु ।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछः
वित्तीय संस्थाले अर्न्तनिहित तथा भविष्यमा आउन सक्ने विभिन्न जोखिमहरु (कर्जा, बजार सञ्चालन आदि) को पहिचान, अनुगमन तथा व्यवस्थापन गर्नेछ । नेपाल राष्ट्र बैंकको निर्देशन तथा वित्तीय संस्थाको नीति नियमको अधिनमा रहि आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाई विभिन्न जोखिमहरु व्यवस्थापन गरी वित्तीय संस्थालाई उत्कृष्ट एवं सबल रुपमा सञ्चालन गरी लगानीकर्ताहरुको हितको संरक्षणका लागि आवश्यक नीति, कार्यविधिहरु बनाई लागु गरेको छ । यसका साथै, वित्तीय संस्थामा रहेको जोखिम व्यवस्थापन विभागले स्वतन्त्र रुपमा जोखिमलाई प्रभावकारी रुपमा नियन्त्रण तथा व्यवस्थापन गर्ने कार्य गर्नुका साथै समय समयमा जोखिम नियन्त्रणको क्षेत्रमा भए गरेका कार्यहरुको पुनरावलोकन समेत गर्ने गरेको छ । कर्जासँग सम्बन्धित जोखिमहरु, कुनै पनि व्यवसायहरु गर्दा सामना गर्नुपर्ने अन्य अन्तर्निहित जोखिमहरु लगायत बजार र तरलता, कार्य सञ्चालन, व्यवस्थापन र प्रतिष्ठा जस्ता कम्पनीको व्यवसायसँग सम्बन्धित जोखिमहरुलाई कम्पनीले जोखिम व्यवस्थापन संरचनाद्धारा सतर्कतापूर्वक व्यवस्थापन गर्ने गरेको छ । जोखिम व्यवस्थापनका लागि वित्तीय संस्थाले अवलम्बन गरेका सिद्धान्तहरु निम्न लिखित छन् :
- जोखिम र प्रतिफल बिच सन्तुलन ।
- अनुशासित संयमित जोखिम बहन ।
- अख्तियार प्राप्त समिति तथा व्यक्तिहरुको स्वीकृति पश्चात् मात्र जोखिम ग्रहण तथा सो को व्यवस्थापनका लागि उचित संरचना तथा साधनहरुको उपलब्धता ।
- भविष्यमा आउनसक्ने जोखिमहरुको पूर्वानुमान तथा जोखिमहरुको उपयुक्त जानकारी ।
- प्रतिषर्धात्मक क्षमता अभिवृद्धिका लागि जोखिमहरुको कुशल तथा प्रभावकारी व्यवस्थापन एवं नियन्त्रण ।
- कम्पनीले निरन्तर रुपमा प्रविधि परिवर्तनबाट सिर्जित हुन सक्ने जोखिमहरुलाई मध्यनजर गरी आवश्यक तालिम तथा विज्ञहरुको सुझावहरु समय समयमा लिईरहेको ।

वित्तीय संस्थाले जोखिम नियन्त्रणको क्षेत्रमा अवलम्बन गरेका माथि उल्लेखित नीति एवं उपायहरु पर्याप्त नहुन सक्दछन् यसर्थ उल्लेखित विधिहरुले वित्तीय संस्थाको जोखिमलाई पूर्ण रुपमा हटाउन नसकेता पनि न्युनिकरण गर्न सफल हुने विश्वास लिएका छौं ।

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिमः रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचिकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१४. सकारात्मक पक्षहरु :

(१) लघुवित्त क्षेत्रका अनुभवी तथा दक्ष ब्यक्तिहरुद्वारा स्थापित भएकोले यस लघुवित्त वित्तीय संस्थाको व्यवस्थापन सक्षम तथा प्रभावकारी भएको ।
(२) स्थानीय समुदायमा वित्तीय संस्थाले बनाएका अमिट छाप,
(३) उचित समुह निर्माण नीति अवलम्बन गर्दै कर्जा तथा लगानीको गुणस्तरको स्तरलाई प्राथमिकता दिइएको,
(४) वित्तीय संस्थाको सञ्चालक समिति र व्यवस्थापनमा रहेको अन्तराष्ट्रिय, राष्ट्रिय तथा स्थानीय स्तरको ज्ञान र अनुभव,
(५) नीतिगत पारदर्शिता र बलियो संस्थागत सुशासन,
(६) सामाजिक जिम्मेवारी र दायित्व ।

१५. धितोपत्र बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धी ब्यबस्था :

(अ) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रक्रियाः** यस विवरणपत्र मार्फत् सर्वसाधारणमा जारी गरिएको धितोपत्र खरिदका लागि आवश्यक भन्दा अत्याधिक माग भई दरखास्त प्राप्त हुन आएमा धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा ३० मा भएको व्यवस्था अनुसार धितोपत्रहरु बाँडफाँट गरिनेछ । जस अनुसार धितोपत्र बाँडफाँट गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले धितोपत्र बाँडफाँट गरिने र बाँडफाँट गरे पश्चात् बाँकी रहेको निष्काशित धितोपत्र बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुनः दश कित्ताका दरले बाँडफाँट गरिनेछ । यसरी धितोपत्र बाँडफाँट प्रक्रिया सम्पन्न भएपश्चात् पनि धितोपत्र बाँकी भएमा सोही प्रक्रिया अपनाई बाँडफाँट गरिनेछ ।

तर धितोपत्र बाँडफाँट गर्दा दश कित्ताका दरले सबै आवेदकहरूलाई बाँडफाँट गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरी गोला प्रथाबाट आवेदक छनौट गरी धितोपत्र बाँडफाँट गरिनेछ । धितोपत्रको बाँडफाँट गरेको दिन वा भोलिपल्ट सम्ममा निष्काशन तथा बिक्री प्रबन्धकले बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराउनेछ । बाँडफाँट सम्बन्धी सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । यदि निष्कासन गरिएको धितोपत्रको संख्या भन्दा कम धितोपत्र खरिदको लागि दरखास्त प्राप्त हुन आएमा माग बमोजिम धितोपत्र बाँडफाँट गरी बाँकि रहेको शेयर प्रत्याभूतिकर्ताले प्रत्याभूति सम्बन्धी सम्झौतामा भएको व्यवस्था अनुसार खरिद गर्नेछ ।

(आ) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्थाः** शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डले तोकेको समयावधिभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृति/अस्वीकृति भएको व्यहोरा उल्लेख गरी "धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३" को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराइनेछ र सोही विवरण अनुरुप सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँटमा नपर्ने आवेदकको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ ।

(इ) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदरः** "धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागू भैसकेको सन्दर्भमा उपरोक्त व्यवस्था लागू नहुने ।

(ई) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रिया र समयावधिः** यस विवरणपत्र अनुसार जारी गरिएको धितोपत्रहरु धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था बमोजिम निष्कासन बन्द भएको सामान्यतया ७ (सात) कार्यदिनभित्र बाँडफाँट गरिनेछ । साधारण शेयरको बाँडफाँट गरे पश्चात् ७ (सात) कार्यदिनभित्र सिडिएस एण्ड क्लियरिङ्ग लि.मा दर्ताको लागि तथा नेपाल स्टक एक्सचेञ्ज लि.मा सूचीकरणको लागि निष्कासनकर्ता कम्पनीले निवेदन दिनेछ । सिडिएस एण्ड क्लियरिङ्ग लि.मा दर्ता भए पश्चात् आवेदकले आवेदन फारममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँटमा परेका शेयर जम्मा/वितरण गर्ने व्यवस्था मिलाइने छ ।

(उ) **धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरणः** सो नभएको ।

(ऊ) **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरणः** यस विवरणपत्र मार्फत् निष्कासन गरिने धितोपत्र धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार धितोपत्रको बाँडफाँट गरे पश्चात् नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित व्यवस्था अनुसार सूचीकरण तथा दर्ता गराई धितोपत्र खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

१६. संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ :

यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली कम्पनीको रजिष्टर्ड कार्यालय गण्डकी प्रदेश, पर्वत जिल्ला, कुश्मा नगरपालिका, वडा नं. ६ वा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लि., नक्साल, काठमाण्डौमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिने छ ।

१७. नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :

१. यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली कम्पनीको रजिष्टर्ड कार्यालय गण्डकी प्रदेश, पर्वत जिल्ला, कुश्मा नगरपालिका, वडा नं. ६ वा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लि., नक्साल, काठमाण्डौमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिने छ ।

२. यस विवरणपत्र मार्फत निष्कासन गरिने साधारण शेयरको खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले न्यूनतम १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनुपर्नेछ । यदि दरखास्तावालाले १० (दश) कित्ताभन्दा बढी साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १००० कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछ ।

१८. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयर खरीदका लागि दरखास्त दिन सक्नेछन् ।

२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्था मार्फत् मात्र आवेदन दिनुपर्नेछ । सो सम्बन्धी अन्य प्रक्रिया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचना पाटी, वेभसाईट वा राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोके बमोजिम हुनेछ ।

३. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्कासनको केन्द्रीकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा भएको विवरण मिल्नुपर्नेछ ।

५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात् शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनुपर्नेछ ।

६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनुपर्नेछ ।

७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसँग आवेदन फारम भरी बुझाउनुपर्नेछः
क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।
ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं. र ईमेल ।
ग. नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
ङ. खरिद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा) ।
च. आवेदकको खाता रहेको बैंक तथा वित्तीय संस्थाको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।

८. आवेदकले आवेदन दिंदा सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormat) रहेको हुनुहुँदैन ।

९. आवेदन दिएको रकम बराबरको रकम बैंक खातामा हुनुपर्नेछ ।

१०. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिइसकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्कासन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गरिनेछ ।

१२. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्कासन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लि.बाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ ।

१४. रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई साधारण शेयर बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक र सम्बन्धित सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनेछ ।

१५. शेयर बाँडफाँट गरी सूचीकरण भए पश्चात् बाँडफाँटमा परेको आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

१६. यस विवरणपत्र मार्फत निष्कासन गरिने साधारण शेयरहरुको लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीको लागि १० (दश) अंकले भाग जाने संख्यामा अधिकतम १,००० कित्ता सम्मको लागि आवेदन दिन सकिनेछ ।

१७. संगठित संस्थाको सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा संगठित संस्थाको व्यवस्थापन वा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाको बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको मितिले १ (एक) वर्षसम्म सम्बन्धित संगठित संस्था वा त्यसको सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवारको सदस्य वा अन्य कुनै व्यक्ति वा त्यस्ता व्यक्तिको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा वा अन्य व्यक्तिलाई खरिद बिक्री गर्न गराउन वा हस्तान्तरण गर्न वा लेनदेन गर्न सक्ने छैन ।

१८. रु.५ लाखसम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN No.) खुलाउनु पर्नेछ ।

१९. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

साधारण शेयर निष्कासन गरी प्राप्त हुने पूँजी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली र अन्य प्रचलित कानुन बमोजिम घ वर्गका वित्तीय संस्थाले गर्न पाउने कार्यको अधिनमा रही वित्तीय संस्थाको लघुवित्त उद्यम कार्यक्रम सञ्चालन र विस्तारमा उपयोग गरिनेछ । साधारण शेयर निष्कासन गरी प्राप्त हुने पूँजी वित्तीय संस्थाको नियमित लघु वित्तीय कार्यक्रम एवं आर्थिक कारोबारमा लगाइने छ, जसको विवरण देहाय अनुसार रहेको छ ।

क्र.सं.	विवरण	प्रतिशत	रकम (रु.)
१	पशुपालन तथा कृषि कर्जा	५० प्रतिशत	४,१४,३७,५००.००
२	खुद्रा ब्यापार र सेवा कर्जा	२५ प्रतिशत	२,०७,१८,७५०.००
३	साना तथा घरेलु कर्जा	२५ प्रतिशत	२,०७,१८,७५०.००
	जम्मा	**१०० प्रतिशत**	**८,२८,७५,०००.००**

२०. निष्काशन बैंक (Bankers to the Issue) :

सि.नं.	निष्कासन बैंकको नाम	खाताको नाम	खाता नम्बर
१.	श्री ग्लोबल आइएमई बैंक लिमिटेड	GICL-BTI NESDO Laghubitta IPO	०१०१०१०००७८५८
२.	श्री सिभिल बैंक लिमिटेड	GICL-BTI NESDO Laghubitta IPO	००२१००७६२३४२५८

२१. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

सि.नं.	विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु :
१.	ग्लोबल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाडौं, वेवसाइट : www.globalimecapital.com
२.	नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड, कुश्मा नगरपालिका, वडा नं. ६, न्यूरोड, पर्वत, वेवसाइट : www.slbs.nesdonepal.org

सि.नं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :
१	नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु ।

२२. धितोपत्र बिक्री खुला अवधि :

यस विवरणपत्रद्वारा निष्कासन गरिने शेयरको लागि आवेदन लिने कार्य कम्तीमा ४ (चार) कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधिभित्र निष्कासन गरिएको सवै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले वढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ ।

२३. क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यवस्था :

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट इस्युर रेटिङ्ग गराई "[ICRANP-IR] BB+ (pronounced ICRA NP Issuer Rating Double B Plus)" प्रमाणपत्र प्राप्त गरेको छ । "[ICRANP-IR] BB+" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने बुझिन्छ । ईक्रा नेपाल लि.ले "ICRANP-IR AAA" देखि "ICRANP-IR D" सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा रेटिङ्ग "ICRANP- IR AAA" ले Highest degree of Safety Regarding Timely Servicing of Financial Obligation जनाउँछ भने "ICRANP-IR D" ले Default or are Expected to be in Default soon भन्ने जनाउँछ । क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण यस विवरणपत्रको अनुसूचीमा संलग्न गरिएको छ । ईक्रा नेपाल लि.ले यस वित्तीय संस्थालाई मिति २०७८/०२/१०(तदनुसार २४ मे, २०२१) गतेको पत्रबाट क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको हो र सो क्रेडिट रेटिङ्गको बहाल रहने अवधि २३ मे, २०२२ सम्म रहनेछ ।

२४. गुनासो सुन्ने र समाधान गर्ने प्रक्रृया :

सार्वजनिक निष्कासन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र समाधानका लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लिमिटेड, वडा नं १, लक्ष्मण बाबु भवन, नक्साल, काठमाण्डौमा एक कक्षको व्यवस्था गरिएको छ । साथै, लगानीकर्ताहरुले आफ्नो गुनासो तथा सुझाव निष्कासन तथा बिक्री प्रबन्धकको कार्यालयमा श्री नलिना श्रेष्ठलाई फोन नं. ०१-४५४५६४९ तथा E-Mail: info@gicl.com.np बाट र निष्कासन कम्पनीको कार्यालयमा श्री कमल प्रसाद शर्मालाई फोन नं. ९८४६०४८१८० तथा E-Mail:kamal.nesdo@gmail.com बाट प्रेशित गर्न सक्नेछन् ।

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

Global IME Capital Limited
GROW WITH US

ग्लोबल आइएमई क्यापीटल लि.
पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल, काठमाडौं
फोनः ४५४५६४९/५०, फ्याक्सः४५४५७०२
इमेलः info@globalimecapital.com, वेबसाइटः www.globalimecapital.com